नेपाल सरकार

# दक्षिणकाली नगरपालिका कार्यालय

फर्पिङ, काठमाडौं

## स्थानीय सेवा प्रदायक संस्थाका लागि आशय पत्र माग गरिएको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७२/०७/२०)**

१ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत सन् २००८ देखि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) संचालनमा रहेको छ। यस कार्यक्रमको प्रमुख लक्ष्य सुदृढ स्थानीय शासन र सामुदायिक विकासका माध्यम मार्फत गरिबी हटाउने रहेको छ।

२ सन् २०१३ देखि २०१७ सम्म यस कार्यको दोश्रो चरण (LGCDP II) संचालनमा रहेको छ। स्थानीय नगरपालिकाका वडाहरुमा स्थानीय सेवा प्रदायक (LSP) को सहयोगमा सामाजिक परिचालन सम्बन्धि कार्यक्रमहरु कार्यान्वयन गर्ने LGCDP II को नीति रहेको छ। स्थानीय सेवा प्रदायकहरुले सामाजिक परिचालक मार्फत सामाजिक परिचालन सम्बन्धि कार्यक्रमहरु स्थानीय निकायहरुको र जिल्ला/नगर सामाजिक परिचालन समन्वय समिति (D/MSMCC) को सहयोग र सल्लाहमा कार्यान्वयन गर्नेछन्।

३ स्थानीय सेवा प्रदायकमा छनौट हुनको लागि प्रस्ताव पेश गर्न सम्बन्धित जिल्ला स्थित सरकारी निकायमा दर्ता भएको न्यूनतम ३ वर्षको स्थानीय शासन, सामाजिक परिचालन, सामाजिक विकास सम्बन्धि कार्यको अनुभव भएको, मूल्य अभिबृद्धि करमा दर्ता भएको, नियमानुसार वार्षिक नविकरण भएको, आ.व. २०६९/०७० सम्मको लेखा परीक्षण सम्पन्न गरेको, आ.व. २०६९/०७० को कर चुक्ता गरेको, गत ३ आर्थिक वर्षमा वार्षिक सरदर ५ लाख कारोबार भएको, कालो सूचिमा नपरेको आफ्नै कार्यालय भएको वा घर भाडामा लिई कार्यालय संचालन गरेको, कार्यालयमा आवश्यक मात्रामा फर्निचर, कम्प्युटर, टेलिफोन, ईमेल, ईन्टरनेट सहित पर्याप्त संख्यामा जनशक्ति भएको लगायतका योग्यता तथा मापदण्ड पुरा भएको हुनु पर्नेछ।

४ स्थानीय सेवा प्रदायकहरुले बुँदा नं. ३ मा उल्लेख भएका योग्यताहरु बाहेक कार्य क्षेत्रगत शर्त TOR मा उल्लेख गरिएका अन्य मापदण्डहरु समेत पुरा गरेको हुनु पर्नेछ। आवश्यक कागजात पेश नभएका प्रस्तावहरु संक्षिप्त सूचिमा समावेश गरिने छैन ।

५ प्रस्ताव दाताहरुले सम्बन्धित जिल्लाको जि.वि.स र न.पाको को कार्यालयमा यो सूचना प्रकाशित मितिले १५ दिन भित्रमा प्रस्ताव पेश गरि सक्नुपर्नेछ।

६ संक्षिप्त सूचिमा परेका सेवा प्रदायकहरुको लागि मात्र विस्तृत आर्थिक तथा प्राविधिक प्रस्ताव (RFP) जारी गरिनेछ। ईमेलबाट प्राप्त भएका आशय पत्रहरुलाई मान्यता दिईने छैन। छनौट प्रकृया सम्बन्धि विस्तृत जानकारी TOR मा उल्लेख गरिएको छ। प्रस्ताव पेश गर्ने ढांचा, TOR र सामाजिक परिचालन निर्देशिका, २०७१ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय वा LGCDP को वेवसाईटबाट प्राप्त गर्न सकिनेछ।

७ सबै आवेदकहरुलाई छनौट प्रकृयाको नतिजाको सार्वजनिक सूचना सम्बन्धित स्थानीय निकायले जानकारी गराउने छ। यस छनौट प्रकृया कारण देखाई वा नदेखाई कुनै पनि समय रद्द गर्न सकिनेछ। यसमा नपरेका अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछन्।

**कार्यकारी अधिकृत**

**दक्षिणकाली नगरपालिका**